परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक २७ २०८० फागुन ६ गते आईतवार Sunday 19, FEB 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## छाला उद्योगबाट निस्किएको दुर्गन्धले मानव स्वस्थ्य जोखिममा

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगर महानगर पालिका वडा नं. १४ मा संचालनमा रहेको नेपाल ट्रेनिङ इण्डष्ट्रिज प्रा.लि. उद्योगबाट निस्किएको दुर्गन्धले सर्व साधारणको स्वास्थ्य जोखिममा परेको छ ।

छाला प्रशोधन दर्ता त्यसवाट निष्कने दुर्घन्धले बाटोमा आवतजावत गर्न समेत मुख थुनेर आवतजावत गर्नुपर्ने त्यस दुर्गधबाट मानवीय स्वास्थ्यमा समेत छाला सम्वन्धी रोग लागेता पनि उद्योग संचालक लाई कुनै निकायले कारवाही गर्न सकेका छैनन ।

नेपाल ट्रेनिङ इण्डष्ट्रिज प्रा.लि. विराटनगर-१४ को दक्षिण सिमाना विराट नगर-१७ नम्बर वडाको नजिक उद्योग सञ्चालन मा रहेको छ । उद्योगबाट निस्कने दुर्गन्धले १७ नम्बर वडामा दैनिक कामका लागि आउने सेवाग्राही र कर्मचारी हरुको स्वास्थ्य जोखिममा रहेको छ ।

विराटनगर-१७ नम्बर वडा अहिले उद्योगका कारण प्रदुशित बनेको छ । इण्डष्ट्रिजले काँचो छालाबाट विभिन्न सामग्री उत्पादन गर्दै आएका छन् । सर्वधारण जनताले उद्योगको नजिक एकछिन पनि बस्न नसकिने अवस्था रहेको स्थानीय लुक्सना खातुनले वताए ।

उद्योगका सञ्चालककलाई पटक-पटक दुर्गन्धलाई नियन्त्रण गरेर उद्योग सञ्चालन गर्न आग्रह गर्दा पनि इण्डष्ट्रिजका सञ्चालकले अटेर गरेको उहाँले आरोप लगाए । विराटनगर-१४ नंवर वडा देखि दुई किलोमिटर दक्षिण तर्फ गएपछि १७ नम्बर वडासंग जोडिएको इण्डष्ट्रिजबाट निस्किएको दुर्गन्धले १७ नम्बर वडामा बसोबास गर्ने मानिस हरुको कमी हुँदै गएको छ ।

विराटनगर-१७ को वडा कार्यालयमा बिहान १० वजेदेखि ५ वजे सम्म कार्यालय समयमा काम गर्न निकै मुस्किल भएको र स्वास्थ्यमा समस्या समेत देखिएको वडाका सचिव राजकुमार विश्वास र वडाका खरिदार तोषकुमारले वताए ।

उद्योगको छेउमा बसोवास गर्ने स्थानीय यतीबेला दुर्गन्धको सास्ती खेप्दैआएका छन् । उद्योगबाट नियोजित ढङ्गले फोहर पानी छालाबाट बन्ने सामग्रीका दुर्गन्ध गरेको स्थानीयहरुले आरोप लगाएका छन् ।

उद्योग नजिकै रहेको आधारभूत स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीहरु पनि इण्डष्ट्रिजबाट निस्किएको दुर्गन्धले प्रभावित भएका छन् ।

वांकी अन्तिम पेजमा...

## नक्कली नोट सहित भारतीय नागरिक पक्राउ

सुनसरी । सुनसरीको ईनरुवा नगरपालिका-४ बाट ठुलो परिमाणमा नेपाली नक्कली नोटसहित १ जना भारतिय नागरीकलाई प्रहरीले पक्राउ गरेको छ ।

उनलाई जिल्ला प्रहरी कार्यालयले सोमवार पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो । चेकजाँचको क्रममा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले भारतको बिहार राज्य बिरपपुर-५ का २२ बर्षीय छोटु भनिने मोहमद सैयाद

वांकी अन्तिम पेजमा...

## खुकुरी र पेस्तोल सहित पक्राउ

विराटनगर । मोरङको केराबारी गाउँपालिका-९ स्थितबाट पेस्तोल र खुकुरी सहित लेटाङ नगरपालिका-१ का ५२ बर्षिय निर कुमार राईलाई प्रहरीले पत्राउ गरेको छ ।

फाल्गुन ३ गते विहीवार केराबारी-९ भलुवाइ कि ५० वर्षिया जमुना देबि राई र उनकी २५ वर्षिया छोरी रनुका राईलाई खुकुरी प्रहार गरी घाईते बनाएको र पेस्तोल समेत देखाएको भन्ने अस्थायी प्रहरी पोष्ट भलुवाईमा जानकारी प्राप्त हुना साथ तत्काल घटना स्थलमा

वांकी अन्तिम पेजमा...

## प्रजातन्त्र दिवसको अवसरमा कोशीको स्वयंसेविकाहरूलाई सम्मान

विराटनगर । कोशी प्रदेश सरकारले प्रजातन्त्र दिवस सन्दर्भ पारेर महिला स्वयंसेविकाहरुलाई सम्मान गर्ने भएको छ । उनीहरुलाई प्रोत्साहनसाथ प्रदेश राजधानी विराटनगरमा सम्मान गरिने सरकारले जनाएको छ ।

मुख्यमन्त्री केदार कार्कीले शिशु गर्भमा आएदेखि नै गर्भवती र त्यसपछि सुत्केरी महिलाको हेरचाहमा दिनरात खटिने स्वयम् सेविकालाई प्रोत्साहनसाथ सम्मान गर्ने तयारी भएको बताएका छन । उनले भने,“हामी मानवीय विकासमा केन्द्रीय छौं । गर्भ रहेदेखि नै हेरचाहमा खटिने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रजा तन्त्र दिवसमा प्रोत्साहन र सम्मान गर्दै छौं ।” स्वयंसेविकाहरुले आफ्ना बालबच्चाको समेत ख्याल नगरी अरुको सेवामा अहोरात्र खटिने गरेको तर मासिक ७ सय मात्र पारिश्रमिक प्राप्त गर्ने अवस्था छ ।

प्रदेश सरकारले स्वास्थ्य महिला स्वंसेविकालाई नगद प्रदेशका प्रत्येक जिल्लाबाट एक-एक जनालाई नगद १५ हजार सहित प्रमाण पत्रका साथ सम्मान गर्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ । १४ जिल्लाका एक एक महिला स्वास्थ्य स्वंसेविकालाई नगद १५ हजारका प्रमाण पत्र, चाँदीको सिक्काको लोगो, साडी, ब्याग, छाता टर्चलाइट लगायत सामग्री उपलब्ध गराउने मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले प्रोत्साहन भत्ता दिने भएपछि महिला स्वास्थ्य स्वयंसेविकाहरु उत्साहित भएका छन् । प्रदेश सरकारले महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता पुरस्कृत गर्ने निर्णयले

वांकी अन्तिम पेजमा...






## छाला...

इण्डष्ट्रिजबाट निस्किएको दुर्गन्धले विराटनगर-१७ मा अधिकांश मानिसहरुमा छालामा समस्या देखिएको स्वास्थ्य केन्द्रकी स्वास्थयकर्मी अपसना प्रविणको भनाई छ। इण्डष्ट्रिजबाट निस्किएको दुर्गन्धे विराटनगर-१७ मा एक सय ५० भन्दाबढी प्रतिवर्ष छालाका रोगी हुने गरेको उहाँले वताए।

विराटनगर महानगर पालिकाले नगर सौन्दर्यकरण गर्ने नारा लगाउँदै आएका छन्। तर इण्डष्ट्रिजबाट निस्किएको दुर्गन्धले एतिवेला महानगरपालिकालाई चुनौतिदिएको छ।

नदि तथा खोलामा रहने जैविक विविधता संरक्षण गर्न वातावरण संरक्षण ऐन २०७६ को व्यवस्था गरिएको छ। तसर्थ वातावरण स्वच्छ राख्न पनि उद्योगहरुलाई सचेत गराउने र नमाने उद्योग संचालकलाई कारवाही गर्ने व्यवस्थाहरु हुँदा हुँदै पनि स्थानीय प्रशासनले कारवाही नगरको स्थानीयहरुले आरोप लगाएका छन्।

## प्रजातन्त्र...

आफूहरू उत्साहित भएको नेपाल महिला स्वास्थ्य स्वयंसेविका संघ कोशी इन्चार्ज रत्ना रिजालले बताइन्। "कोशी प्रदेशका मुख्यमन्त्रीज्यूले जुन हिसावमा स्वयंसेविकाका समस्या बुझ्नुभएको छ हामी उहाँप्रति आभारी छौं, उनले भनिन्, "मुख्यमन्त्रीज्यूसंग पनि भेट भयो हामी समस्या सुनाउँन गएका थियौं। हाम्रा समस्याहरु उहाँ आफैंले भनेर समाधानको प्रतिबद्धता व्यक्त गर्नुभएको छ।"

स्वयंसेविकाले गरिरहेको दुःखलाई सम्झेर प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्थाले अझ जिम्मेवार भएर काम गर्न प्रेरित गर्ने उनको भनाइ छ। उनका अनुसार हाल कोशी प्रदेशमा ६ हजार महिला स्वास्थ्य स्वयंसेविका महिलाले सेवा गर्दै आएका छन्।

## नक्कली...

साफीलाई माघ २८ गते पक्राउ गरेको थियो। बीआर ११ एक्स ३४२९ नम्बरको स्कारपियो गाडीमा सवार रहेका साफीलाई रोकेर चेकजाँच गर्ने क्रममा गाडी भित्र बिभिन्न भागमा लुकाई छिपाई राखेको अवस्थामा पक्राउ गरिएको थियो। नेपाली नक्कली हजारको नोट अठार हजार दुई सय एकाउन्न थान अर्थात १ करोड ८२ लाख ५१ हजार बरामद भएको थियो।

ठुलो परिमाणमा नेपाली नक्कली नोट बरामद भएसंगै गाडी सहित चालकलाई पक्राउ गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

NO SMOKING

# दोस्रो प्रदेश महोत्सवको समुद्घाटन



गाईघाट। कोशीप्रदेशका मुख्यमन्त्री केदार कार्कीले आफ्नो व्यक्तिगत स्वार्थमा विकासको परिभाषा हुने गरेको बताएका छन्।

त्रियुगा उद्योग वाणिज्य संघ गाईघाटले मङ्गलबार आयोजना गरेको दोस्रो प्रदेश महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्रीकार्कीले आफ्नो स्वार्थको काम नहुँदा विकासै भएन भनेर एक थरिले भ्रम फैलाइरहेको बताएका हुन्।

'सबै जना आउँदा आफ्नो घर अगाडिको बाटो मन्दिर चाहियो भन्दै आउनु हुन्छ, बालबालिका समाजको लागि कोही आउनुभएको छ र आफ्नो अगाडिको बाटो नबन्दा विकासै भएन भनेर प्रचार भइरहेको छ।' उनले भने 'सूचना र प्रविधिको यो समयमा कोशी प्रदेशले विकासको गतिमा फड्को मारिरहेको छ। दिगो विकासका लागि हामीले कोशी प्रदेशमा मानवीय विकासबाट सुरुवात गरिसकेका छौं।'

मुख्य मन्त्रीकार्कीले उत्पादन भनेको समान मात्रै नभई जनशक्तिलाई दक्ष बनाउने अभियान पनि भएको उल्लेख गरे। 'बाजा बजाउ नजान्ने मान्छे भयो भने बाजा चाहिन्छ। त्यसको लागि पहिरन चाहिन्छ, मान्छे दक्ष भएन भने कसरी त्यसको उत्पादन कहाँ हुन्छ। त्यस कारण हामीले मानवीय विकासलाई अगाडि बढाएका छौं।' मुख्यमन्त्रीकार्कीले सरकार र व्यवसायी साझेदार नभई एक रथकादुई पाङ्ग्रा भएको उल्लेख समेत गरे।

'भाषाकला र संस्कृतिको उत्थान, बढाउ व्यापार कृषि र पर्यटन' भन्ने नाराका साथ आगामी १० दिन सम्म चल्ने महोत्सवमा स्टल निःशुल्क उपलब्ध गराएर स्थानीय उत्पादनलाई बढवा दिएको आयोजक संस्थाका अध्यक्ष रमेश विश्वकर्माले जानकारी दिए।

कोरोना पछि थलिएको अर्थतन्त्रलाई चलायमान बनाउनका लागि महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाई छ।

## खुकुरी...

खटिएको प्रहरी टोलीले राईलाई पक्राउ गरेको थियो।

राईको पेस्तोलमा ४ राउण्ड गोली लोड भएको मेड इन इटाली लेखेको अटो पेस्तोल १ थान, मेड इन चाईना लेखेको नक्कली पेस्तोल १ थान र दाप भएको खुकुरी सहित पक्राउ गरेको थियो।

खुकुरी प्रहारबाट घाईते भएका दुवै जनाको बिराटनगर स्थित बिराट नर्सिङहोममा उपचार भईरहेको छ भने घटनामा संलग्न हतियार सहित पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय बेलबारीबाट थप अनुसन्धन भईहरेको प्रहरीले जनाएको छ।

सुरक्षितरुपमा बैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र बैदेशिक रोजगारीमा जाऔं,
- आधिकारीक संस्थाबाट स्वास्थ्य परिक्षण र बिमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔ,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घरपरिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एक एक प्रति घर-परिवारलाई छोडौं।

नेपाल सरकार, विज्ञापन बोर्ड

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं।

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं। घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं। खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# स्वार्थ भन्दा माथि उठऔं

मुलुकको विकास र समृद्धिको लागि राजनीतिक दलका नेताहरु र आम नागरिक पनि व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न पर्छ। अहिलेको मुलुकको सत्ता संचालन गर्ने सत्तापक्ष र विपक्षी दलर र सरकारभन्दा बाहिर रहेका राजनीतिक दलहरु समेतले व्यक्तिगत स्वार्थमा डुवेको छ। अहिले कोशी प्रदेशका मुख्य मन्त्री केदार कार्कीले व्यक्तिगत लाभ प्राप्त गर्न नसक्नेहरु सरकारले काम नगरेको भन्दै विरोध जनाएको भन्दै आएको छ। तर स्वय मुख्यमन्त्री व्यक्तिगत स्वार्थमा डुवेका छन्। कांग्रेसवाट ८ वटा सभासद लिएर एमालेको समर्थनमा कोशी प्रदेशका मुख्यमन्त्री अहिले एमालेलाई नै विर्सि सकेको छ। व्यक्तगत स्वार्थ र पार्टीको स्वार्थ पुर्तिका लागि कोरोना अस्पतालको नाम फेर्दै शैलजा आर्चाय हृदयकेन्द्र नामाकरण गरेका छन्। पार्टी पिछै अस्पतालको नाम फेरीनु नितान्त व्यक्तिगत स्वार्थ हो।

कोशी प्रदेश सरकारले सडकमा दौडिरहेको विकासलाई घर हुँदै गर्भसम्म नै पुऱ्याएको दावी गरेका छन्। तर कोशी प्रदेशको विकास र समृद्धीमा सरकार एक इनचपनि अगाडी वढेको छैन। सरकारले अनावश्यक अध्यादेश ल्याएर आफ्नो मान्छे कसरी भर्न सकिन्छ त्यो वातावरण मात्र बनाई रहको छ। प्रदेशमा रोजगारीको समस्या, महंगी समस्या, लागुऔषध ओसारपोसारको समस्या लगायतको समस्यामा ध्यान नदिएर खाली भाषणवाजी मात्र गरेका प्रदेशको विकास हुँदैन।

प्रदेशको विकास साचै नेताहरु चाहन्छ भने व्यक्तिगत स्वार्थमाथि माथि उठ्नु पर्छ। राजनीतिक स्वार्थ पुर्ति नभए वेगलै विधान वनाएर पार्टी खोल्ने, उत्तर र दक्षिण फर्केका पार्टीहरुसंछग गठवन्धन गर्ने, बढी सिट ल्याएर जितेकालाई साईड लगाउँदा के जनताका मतको कदर हुन्छ। कदापि हुँदैन त्यसैले जनता र देशको लागि केही गर्नु छ भने दलगत र व्यक्तिगत स्वार्थवाट माथि उठ्न जरुरी छ अन्यथा मुलक र मुलुकमा भएको प्रदेश सरकार, स्थानीय सरकार अझ धारासाही भई देशमा आर्थिक संकट हुने निश्चत छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# पूर्वीय दर्शनमा कर को सँग, कसरी, कति असुल गर्ने ?

सुनिल आचार्य

भारत वर्षमा विकास भएको दर्शनहरूलाई पौरस्त्य दर्शन भनिन्छ। पौरस्त्य दर्शनलाई पूर्वीय, आर्य, जनक, भारत आदि दर्शनका नामले पनि चिनिन्छ। पौरस्त्य दर्शनहरूले जीवन, जगतकाबारेमा शुक्ष्म र गहन अध्ययन कार्य गरेका छन्।

पूर्वीय दर्शनको मूल प्राज्ञिक स्रोत वेद हो, जुन संस्कृत भाषानिष्ट हो। वेदकै टीका-टिप्पणी र समालोचनामा पूर्वीय दर्शनको विकास हुँदै जान्छ। विभिन्न दार्शनकि सिद्धान्त तथा सम्प्रदाय हरूको जन्म हुँदै जान्छ।

कतिपय दर्शनहरूले वेदलाई प्रामाणिक मान्छन् कति अप्रमाणिक पनि मान्छन्। यस आधारमा पौरस्त्य दर्शनहरूलाई आस्तिक र नास्तिक गरी विभाजन गर्ने गरिएको पाइन्छ।

वेदलाई प्रामाणिक मान्ने ईश्वरको अस्तित्वमा विश्वास गर्ने र परलोकप्रति विश्वास गर्ने दर्शनहरू आस्तिकअन्तर्गत पर्छन् भने वेदलाई प्रमाणिक नमान्ने ईश्वरप्रति विश्वास नगर्ने र परलोकमा विश्वास नगर्ने दर्शनहरू नास्तिकअन्तर्गत पर्छन्।

आस्तिक दर्शनअन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनहरू पर्दछन्। नास्तिक दर्शनअन्तर्गत चार्वाक, जैन र बौद्ध दर्शनहरू पर्छन्।

पौरस्त्य आस्तिक दर्शनहरूले आ-आफ्नै मान्यता अघि सारे तापनि ईश्वर, आत्मा, जगत्, मन, मोह, जीवनको क्षणिकतासम्बन्धी कतिपय विषयहरूमा यी दर्शनहरूको सारभूत मान्यता लगभग समान रहेको देखिन्छ।

यहाँ पौरस्त्य दर्शनसँग सम्बन्धित कर र दस्तुरसम्बन्धी व्यवस्थालाई यसरी प्रस्तुत गरिएको छ :-

पुराणकालीन कर र दस्तुर

पुराण शब्दको अर्थ पुरानो भन्ने हुन्छ। प्राचीनतम ज्ञान र नैतिकताको कुरा पुराणभित्र रहेका हुन्छन्। यो मानवसभ्यताको आधारशीला हो। प्राचीन ग्रन्थहरू वेदको भाषा तथा शैली कठिन हुनुका साथै सर्वसम्मत् तरिकाबाट वेदलाई बुझ्ने सामर्थ्य सबैमा सहजता नभएकाले वेदव्यासले पुराणको रचना गरेका हुन्।

वेदमा भएका जटिल तथ्यहरूलाई पुराणमा कथाको माध्यमबाट बुझाइएको देखिन्छ। पुराणको विषय नैतिकता, विचार, भूगोल, खगोल, राजनीति, संस्कृति, समाज, परम्परा र विज्ञान रहेका देखिन्छन्। पुराणमा देवीदेवता, राजा/महाराजा, ऋषिमुनि तथा साधारण मानवको चरित्र कथाको माध्यमबाट व्यक्त गरिएको पाइन्छ।

ती पुराणहरूमध्ये महत्त्वपूर्ण पुराणको रूपमा रहेको श्रीमद्भागवत महापुराणमा करको सम्बन्धमा निम्न तरिकाले वर्णन गरिएको पाइन्छ :-

"परीक्षित् महाराजले आफ्नो देशमा कलि प्रवेश गरेको अप्रिय समाचार सुनेपछि सेनासहित दिग्विजय गर्ने विचारले पूर्व, पश्चिम, उत्तर र दक्षिण चारवटै दिशाका समुद्र तटमा विद्यमान भद्राश्व, केतुमाल, भारत र उत्तर कुरुदेशहरूमा विजय प्राप्त गर्नुभयो र त्यहाँका राजासँग कर ग्रहण गर्नुभयो।"

यसै प्रसँगमा "जब ब्रह्माजीले संसार सृष्टि गर्ने विचार गर्नुभयो, तब आफ्नो दुई जाँघबाट मनु र तिनकी रानी शतरुपाको सृष्टि गर्नुभयो। यिनकै मैथुनबाट धर्मद्वारा प्रजा बढ्न थाले। त्यसपछि सृष्टिको विकाससँगै प्रजाको सङ्ख्या बढ्यो। राज्यको क्षेत्र पनि विस्तृत भयो। त्यसपछि राज्यको सञ्चालन गर्न सरकारको आवश्यकता पर्यो। सरकारलाई पूर्ण रूप दिई जनताको आवश्यकता पूरा गर्न कर अपरिहार्य रह्यो।"

महाभारतकालीन कर र दस्तुर

महाभारत हिन्दूहरूको एक प्रमुख काव्यग्रन्थ हो। यसलाई स्मृतिवर्गको ग्रन्थ मानिन्छ।

यस ग्रन्थ भारतीय संस्कृतिको अनुपम धार्मिक, पौराणिक, ऐतिहासिक तथा दार्शनिक ग्रन्थ हो। महाभारतको प्रथम अध्याय अनुसार यो महाकाव्य ऋषि वेदव्यास (जो स्वयं यस महाकाव्यका एक प्रमुख पात्र हुन्) द्वारा बोलेर, भगवान् गणेशद्वारा लेखाइएको हो।

व्यासले यो ग्रन्थ आफैँले लेख्दा धेरै समय लाग्ने तथा आफ्नो जीवनमा पूर्ण गर्न पनि नसकिने जस्तो देखिएपछि भगवान् गणेशले लेख्नुभएको हो। यस महाकाव्यको सुरुवात एउटा सानो रचना जयबाट भएको थियो भन्ने मान्यता छ।

यसको रचनाको कुनै निश्चित तिथि थाहा छैन तर यसलाई सामान्यतया वैदिक युगमा लगभग १४०० ईसापूर्वको समयको मानिन्छ। विद्वानहरूले यसको तिथि निर्धारित गर्न यसमा वर्णित सूर्यग्रहण र चन्द्र ग्रहणहरू बारेमा अध्ययन गरेका छन् र यसलाई ३१औं शताब्दी इसा पूर्वको मान्छन् भने पौराणिकहरू ५०७८ वर्ष पूर्व लेखनकार्य प्रारम्भ गरी ५०८१ पूर्व लेखनकार्य सम्पन्न भएको मान्दछन्।

महाभारत हिन्दूधर्मको अनुसार प्राचीन समाजलाई बुझ्न ऐतिहासिक स्रोतको रूपमा रहेको छ। सोही महाभारत ग्रन्थमा करको सम्बन्धमा पनि वर्णन पाइन्छ।

करको सम्बन्धमा महाभारतको शान्ति पर्वमा "युधिष्ठिर भीष्म पितामहसँग सोध्छन्- "हे बुद्धिमान् पितामह ! राज्यको सम्पत्ति बढाउन के गर्नुपर्छ ?"

यो प्रश्नको उत्तर दिँदै भीष्म पितामह युधिष्ठिरलाई भन्छन्, "भँवराले बिस्तारै बिस्तारै वृक्षका फूलको रस लिन्छ, जस्तो मनुष्य बाच्छोलाई कष्ट नदिइकन गाईको दूध दुहुन्छ, थुनमा कुनै पीडा पर्दैन। त्यसैगरी राजाले कोमलताको व्यवहार गरी राष्ट्ररूपी गाईको दोहन गरोस्। जस्तो जुकाले बिस्तारै बिस्तारै रगत चुस्तछ, त्यसैगरी राजाले पनि कोमलताका साथ राष्ट्रबाट करमार्फत् धन असुल गराओस्। जस्तो बघिनी आफ्नो बच्चालाई दाँतले च्यापी यताउता गर्छिन्। परन्तु उसलाई घाउ, पीडा कुनै पार्दिन, त्यसैगरी नरम उपायले राष्ट्रले कर दोहन गर्नुपर्छ। जस्तो तिखो दाँत भाएको मुसोले सुतेका मानिसको पाउको मासु बिस्तारै कोपर्छ, उसलाई पीडाको भान हुँदैन। खालि पाउसम्म चलाउँछ, यस्तै राजा सजिलो उपायले राष्ट्रबाट कर (धन) लेओस्, जसले गर्दा प्रजा दुःखी नहोस्। राजाले पहिले थोरै थोरै कर लिएर पछि बिस्तारै बिस्तारै बढाउनुपर्छ। जस्तो बहरलाई बोझ बोक्ने अभ्यास गराउने मानिसले पहिले त्यसलाई नाथी, बिस्तारै बिस्तारै थोरथोरै भार लदाउँछ, त्यसैगरी प्रजामा राजाले पहिले करको भार कमै राखी पछि उसलाई बिस्तारै बिस्तारै बढाओस्। कथं कदाचित् ती बहरलाई एकैचोटि भार लाद्यो भने काबुमा ल्याउन कठिन हुन्छ। त्यसैले तिनलाई एक एक गरी उचित ढङ्गले भारी बोक्न लगाएमा पछि तिनै बहर भारी बोक्न सक्ने हुन्छन्। त्यसैले राजाले सबै पुरुषलाई एकैचोटि वशमा पार्नु दुष्कर हुन्छ। अतः पहिले प्रधान मनुष्यलाई मधुर वचनद्वारा सान्त्वना दिएर वशमा ल्याओस् र पछि अरु साधारण मनुष्यलाई वशवर्ती बनाओस्। राजाले समय र परिस्थितिको प्रतिकूल प्रजामा करको बोझ बढाउनु हुँदैन। समय र परिस्थितिअनुसार सम्झाई बुझाई उचित रीतिले क्रमशः कर असुल गरियोस्।"

सोही क्रममा भीष्म पितामह युधिष्ठिरलाई राजधर्मबारे उपदेश दिँदै भन्नुहुन्छ- "मदिरा खाने ठाउँ, यौनकर्मी, कुटिनी, दलाल, जुवाडी र यस्तै अरु खराब पेसा भएका जति पनि मनुष्यहरू छन्, ती सबै राष्ट्रलाई हानि पुर्याउने खालका हुन्छन्। त्यसैले यी सबैलाई उचित दण्डले दबाएर राख्नुपर्छ। यिनीहरूले राज्यमा रही कल्याणमार्गमा चल्ने प्रजालाई ठूलो हानि पुर्याउँछन्। जो-जो राजकर्मचारीहरूले बढ्ता बढ्ता कर असुल गर्दछन्, ती तिम्रो हातबाट दण्ड पाउन योग्य छन्। तिनको सट्टा अर्को अधिकारी पठाई त्यहाँबाट ठीकठाकमात्र कर लिने अभ्यास गर्नुपर्दछ। धनीहरू राष्ट्रको मुख्य अंग हुन्। धनवान् पुरुष सबै प्राणीमा प्रधान हुन्छ। यस्ता व्यक्तिलाई भोजन, अन्न, पानी आदिद्वारा आदर र सत्कार गर्नुपर्छ। त्यस समय विनयपूर्वक भन्नुपर्दछ- "तपाईंले र मैले यी आतुर प्रजाहरूमा कृपादृष्टि राख्नुपर्यो।"

मनुस्मृतिमा कर र दस्तुर

मनुस्मृति मनुद्वारा रचित धर्मशास्त्र हो। हिन्दूहरू धर्मशास्त्रको रूपमा मनुस्मृतिलाई विश्वको अमूल्य निधि मान्दछन्। भारतमा वेदहरूका उपरान्त सर्वाधिक मान्यता र प्रचलन 'मनुस्मृति'को नै हुन्छ।

यसमा चारै वर्ण, चारै आश्रम, सोह्र संस्कार तथा सृष्टि उत्पत्तिका अतिरिक्त राज्यको व्यवस्था, राजाको कर्तव्य, धेरै प्रकारका वाद-विवादहरू, सेनाको प्रबन्ध आदि सबै विषयहरूमा परामर्श दिएको छ जो कि मानव मात्रको जीवनमा घटित हुन सम्भव छ यो सबै धर्म-व्यवस्था वेदमा आधारित छ।

मनु महाराजको जीवन र उनको रचनाकालका विषयमा इतिहास-पुराणहरू स्पष्ट छैनन्। तथापि सबै एक स्वरले स्वीकार गर्दछन् कि मनु आदिपुरुष थिए र उनको यो शास्त्र आदिःशास्त्र हो।

मनुका समस्त मान्यताहरू सत्य हुनुका साथ-साथ देश, काल तथा जाति बन्धनले रहित भएको कुरा हिन्दू धर्मका पण्डितहरू बताउँछन्।

मनुस्मृतिको काल एवं प्रणेताको विषयमा नवीन अनुसन्धानकारी विद्वानहरूले पर्याप्त विचार गरेका छन्। कसैको मत यो छ कि "मानव" चरण (वैदिक शाखा)मा आधारित भएको कारण यस ग्रन्थको नाम मनुस्मृति भएको हो।

कसैले भन्छन्- मनुस्मृतिभन्दा पहिला कुनै मानव धर्मसूत्र थियो (जसरी मानव गृह्यसूत्र आदि छन्) जसको आश्रय लिएर कसैले एक मूल मनुस्मृति बनायो जो पछि गएर परिवर्तन् हुँदै वर्तमान रूपमा प्रचलित भयो।

मनुस्मृतिका अनेक मत वा वाक्य जो निरुक्त, महाभारतादि प्राचीन ग्रन्थमा पाइँदैनन्, यसका कारणमाथि विचार गर्दा धेरै उत्तर प्रतिभासित हुन्छन्। मनुस्मृतिमा समाजको आवश्यकताका विविध पक्षकाबारे वर्णन गरिएको पाइन्छ। सोही ग्रन्थमा करका सम्बन्धमा पनि वर्णन पाइन्छ।

करको सम्बन्धमा मनुस्मृतिमा यसप्रकारको उल्लेख पाइन्छ-

"राजाले शास्त्रको विधि अनुसार राजकर्मचारीहरू द्वारा प्रजाहरूबाट वार्षिक कर उठाउनुपर्छ र उनीहरूप्रति

वांकी ५ पेजमा...

# पाठेघर भित्रका रगतको नशा गुजुल्टोको विना चिरफार सफल उपचार



विराटनगर । मासिकश्वाव गडबड हुने र अत्याधिक रक्तश्वाव हुने समस्याले महिलाहरुलाई सताउने गर्दछ । महिलाहरुमा हुने यस्तो समस्याले उनीहरुलाई शारीरिक तथा मानसिक तनाव दिने गर्दछ भने गर्भाधानमा समस्या हुने वा गर्भपतन हुने जस्ता समस्या पनि हुन सक्ने हुन्छ । यस्तै समस्याबाट ग्रसित एक जना २९ बर्षिया महिलाको नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलको प्रसुती तथा स्त्रीरोग विभाग र इन्टर मेन्सनल रेडियोजोली विभागको समन्वयमा विना चिरफार उपचार गरिएको छ । अस्पताल स्रोतले जानकारी दिए अनुसार पूर्वी नेपालमा पहिलोपटक यो प्रविधिबाट सफल उपचार गरिएको हो ।

मझरियाका एक जना महिला विगत धेरै वर्ष देखि महिनाबारी गडवड हुने, मासिकश्रावको समयमा अत्यधिक रगत बहने समस्याबाट ग्रसित थिइन् । विवाह पछि दुई पटक गर्भ तुहिएको र एक पटक पाठेघरको नलीमा गर्भाधारण भई अपरेशन गरी नलीनै फालिसकेको र मासिकश्रावको समस्या यथावत नै रहेकोले स्थानिय एक नर्सिङ्ग होममा उपचार गराउदै गर्दा उनलाई भारत स्थीत एम्स हस्पिटलमा रिफर गरिएको थियो । भारत जान खर्च अभाव भएकाले एक पटक नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटल गई जाँच गराउने भनी विरामी र अभिभावक नोवेल आएका थिए । चेक जाँचको क्रममा नोवेलका प्रसुती तथा स्त्री रोग विशेषज्ञ प्रा. डा. शान्ति सुवेदीले विरामीको समस्या र विगतका उपचारको जानकारी लिदै परीक्षण गर्ने क्रममा अल्ट्रासाउण्ड गर्दा पाठेघरमा रगतको गुजुल्टो रहेको पाएकी थिइन् । डा. सुवेदीका अनुसार "विरामीको अल्ट्रासाउण्ड गर्दा उनको पाठेघरमा पानीको पोखरीमा भुमरी आएको जस्तो देखिने रगतको गुजुल्टो रहेको थियो जसलाई मेडिकल भाषामा आर्टेरियोभेनस मालफरमेशन भनिन्छ । विरामीलाई यसैले गर्दा रगत बढी बहने र समस्याहरु आएको थियो । यसको उपचारको लागि कि त पाठेघर नै फाल्नु पर्ने हुन्थ्यो तर पाठेघर जोगाउन अल्ट्रासाउण्डको रिपोर्ट र विरामीले नर्सिङ्ग होममा नै गराएर आएको एमआरआईको रिपोर्टको आधारमा इन्टरभेन्सनल रेडियोलोजिष्ट डा. गणेश देवकोटाबाट इन्टर भेन्सनल रेडियोलोजी प्रविधीको सहायताले रगतको गुजुल्टोको उपचार गर्न समन्वय भयो । खर्चको हिसाव गर्दा भारत गएर उपचार गर्दा जति खर्च हुन्छ त्यसको आधाको पनि आधा खर्चमा सफल उपचार भएको छ र त्यस पछिको स्क्यानहरुले पनि विरामीको समस्याको राम्रो उपचार भएको देखाएको छ ।"

नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलका इन्टर भेन्सनल रेडियोलोजिष्ट डा. गणेश देवकोटाका अनुसार "प्रसुती तथा स्त्री रोग विभागका प्रा. डा. शान्ति सुवेदीले विरामीको बारेमा जानकारी दिनु भए पछि थप जाँचहरु पश्चात विरामीको समस्याको उपचारको लागि यूटेराइन आर्टरी इम्बोलाइजेसन भन्ने प्रविधीबाट उपचार गर्ने तयारी गरियो । यो प्रविधी के हो ? यसको फाइदा र हुन सक्ने समस्याहरुको बारेमा विरामी र विरामीको अभिभावक संग छलफल पछि उहाँहरु उपचारको लागि तयार हुनु भयो र यो प्रविधीबाट उपचार भए पछि अहिले विरामीको पाठेघरबाट रगत बग्न रोकिएको छ ।"

विरामीका पतिले विरामीको समस्या र उपचारबारे जानकारी दिए "विरामीको मासिकश्रावको समस्याको लागि नर्सिङ्ग होममा उपचार गराउदा कि त भारत जानु कि त काठमाडौं जानु भनेका थिए तर एक जना मित्रले एक पटक नोवेलको आईभिएफमा पनि जाँच गराउनु भनेकाले नोवेलमा आएर जाँच गराएको र डा. शान्तिले नै उपचार सहज बनाई दिनु भएको छ । अहिले विरामीलाई धेरै राम्रो भएको छ ।"

यूटेराइन आर्टरी इम्बोलाइजेसन प्रविधी भनेको केहो भन्ने जिज्ञासामा डा. देवकोटाले भने यो "प्रविधीको उद्देश्य भनेको पाठेघरमा हुने रक्तप्रवाहलाई रोक्नु हो । यो गर्नलाई पेट चिरेर ठूलो अपरेशन गर्नु होइन । निडिल, मसिनो तार र पाइप जसलाई वायर, क्याथेटर र माइक्रोक्याथेटर भन्दछौं त्यसको सहायताले रगतको नलीबाट छिरेर एन्जियोग्राफिको सहायताले पाठेघरमा जाने रगतको नशाहरु पहिचान गरी जुन रगतको नशालाई थुन्न पर्ने हो त्यसलाई विभिन्न पदार्थहरुको सहायताले थुन्ने गरिन्छ । हाम्रो विरामीको पनि पाठेघरमा रक्तश्राव गराउने रगतको नशालाई जेलफम प्रयोग गरी दुवै तिरको नशालाई बन्द गरेको छौं ।"

कस्ता विरामीलाई यो प्रविधीले फाइदा पुऱ्याउछ भन्ने प्रश्नमा डा. देवकोटाले भने "यो त्यस्ता विरामीहरु जसको हिस्टेरोक्टोमी अर्थात पाठेघर फ्याल्न नसकिने वा भविष्यमा बच्चा जन्माउन इच्छा भएका विरामीहरु, साना उमेरका विरामीहरुलाई फाइदाजनक हुन्छ । यसले अनावश्यक रक्तश्रावलाई रोक्ने कार्य गर्दछ र पाठेघरलाई सुरक्षित राख्न सकिन्छ । त्यस्तै फाइब्रोइड यूटेरस वा पाठेघरमा ऐजेरु पलाएका विरामीहरुलाई पनि ऐजेरुलाई रगत प्रवाह गर्ने नलीलाई बन्द गरेर पाठेघर जोगाउन सकिन्छ भने कुनै कुनै महिलाहरुलाई प्रसुती पछि अत्याधिक रगत बहने समस्या हुने हुन्छ । त्यस्तो अवस्थामा पनि यो प्रविधिबाट रक्तश्राव रोक्न सकिन्छ भने विभिन्न कारणले पाठेघरमा रगतको नशा गुजुल्टो पर्ने समस्यामा पनि यो प्रविधी प्रभावकारी हुन्छ । यो प्रविधीको फाइदा भनेको पेट चिर्नु परेन । शल्यक्रिया गर्नु परेन । रगतको नशाबाट सानो तार क्याथेटर छिराएर गरिने भएकोले अस्पताल बसाई पनि छोटो हुन्छ । निको हुने समय पनि छोटो हुन्छ र पाठेघरलाई जोगाउन सकिने भएकोले भविष्यमा बच्चा जन्माउन पनि सकिने हुन्छ । यो प्रविधी पूर्वाञ्चलमा नै पहिलो पटक गरिएको छ । इन्टरभेन्सनल रेडियोलोजीको सहायताले नशा सम्बन्धी धेरै उपचार गर्न सहज भएको छ र यो सुविधा नोवेल मेडिकल कलेजमा रहेको छ ।"

नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलका प्रवन्ध निर्देशक इन्दिरा शर्मा बरालले पूर्वी नेपालमा नै सवै प्रकारका उपचार सेवा एकै छानामुनी उपलव्ध होस् र यहाँका बासिन्दाहरुलाई उपचारका लागि अन्यत्र जान नपरोस् भनी नोवेलले हर तरहको सेवाहरुको भौतिक पूर्वाधार तयार गरी सोही अनुसारको अत्याधुनिक उपकरणहरु र दक्ष चिकित्सा जनशक्तिको व्यवस्था गर्दै आएको जानकारी दिइन् । उनका अनुसार सोही अनुरुप नै निकट भविष्यमा क्यान्सरका विरामीहरुलाई सुविधासम्पन्न रेडियो थेरापी सेवा पनि सुरु हुने छ ।






## सपनै-सपनाको देश

सपनै-सपनाको देश
नक्शै-नक्शा म देशको कोर्छु
टुकै-टुकामा म देशलाई बाँडछु
सपनै-सपनाको देशमा
म सपनामा नै बाँच्छु ॥
म संसरको नजरमा
आफूलाई सक्षम साबित गर्छु
मांगी खने बानीलाई अझ बलियो पार्छु
सपनै-सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
भाषणै-भाषणको देशमा
म भाषणमा देशको विकास गर्छु
यथार्थमा देशलाई खोखला पारी
जनताको भविष्यलाई कोशीका भेलमा वगाउँछु
म जनताको सामुमा
आफुलाई देवता सावित गर्छु
म कुर्सीको आडमा
आफ्नो मनको आँकाक्षा पुरा गर्छु
सपनै-सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
विकासै-विकासको नारामा
म जनताको सेवा गर्छु
म जनताका भोटले
आफ्नो खाली झोला भर्छु
सपनै सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
म जनताको माझमा
भ्रष्टाचारको नारा लगाउँछु
खाई न अघाई ठूलो पेटमा
अझ जनताको पैसा पचाउँछु
म आफ्न्त र पार्टीको नाममा
आफन्तलाई ठूलो अफिसर बनाउँछु
सपनै सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
म कुर्सी पाएन भने, आँतक र हल्ला मच्चाउँछु
म लोकतन्त्रको नाउँमा,
जनताको बीचमा जान्छु
सपनै सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
जनतै-जनताको नाउँमा
म पार्टी र विधान छुट्टै बनाउँछु
गरिबी र असमानताको नाउँमा
म आफ्नो आवाज बलियो पार्छु
शान्ति-शान्तिको नाउँमा
म क्रान्ति निमत्याउँछु
गुण्डा फटहा निरंकुश वादीहरुका
दल बनाई प्रजातन्त्रको नारा लगाउँछु
सपनै सपनाको देशमा
म सपनामा नै बाच्छु ।
अहंकारै अहंकारको नारामा
म द्वन्द्व चर्काउँछु
जनता-जनताको बीचमा खाडल बनाउँछु
जनतै-जनतालाई जुधाई
होचुवा पाराले जनतामा
दम्भको शासन चलाउँछु
सपनै सपनाको देशमा
म सपनामा नै बाँच्छु ।
परिश्रम गरी खानेलाई नेता बनाउँछु
रक्सी र मासुको चोक्टामा
म निमुखाहरुका सम्मेलन गराउँछु
मन्त्रीको कुर्सीमा
म आफूलाई एकदिन पुऱ्याउँछु
सपनै सपनाको देशमा
म सपनामा नै बाँच्छु ।

लेखक : कलश ठाकुर
श्री गणेश माध्यमिक विद्यालय चोप्राहा
रंगेली मोरंग

# सरकार र व्यवसायी साझेदार नभई एक रथका दुई पांग्रा : मुख्यमन्त्री कार्की

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकार र व्यवसायी साझेदार नभई एक रथका दुई पाङ्ग्रा भएको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको छैटौं प्रदेश सभामा उनले साझेदार छुटिएर जान सक्छ तर पाङ्ग्रा छुटिदा रथ चल्न नसके जस्तै सरकार र व्यवसायी रहेको बताएका हुन् ।

'कर बिनाको सरकार चल्न सक्दैन, व्यवसायी डुब्यो भने सरकार चल्न सक्दैन, उनले भने, बैङ्क डुब्यो भने रोजगारी पाउने अवस्था हुँदैन त्यसैले कोशी सरकारले उद्योगी व्यवसायीलाई प्रोत्साहन गर्नका लागि योजना कार्यान्वयनमा ल्याउनै लागेको छ ।'

महासंघको यो सभा प्रदेशको दिगो विकाशमा केन्द्रित हुन्छ भन्नेमा विश्वस्त रहेको उनले बताए । 'व्यवसाय गर्ने भन्दा नेता बढी भएको अवस्था छ, तपाईंहरू की राजनीति गर्नुहोस् कि व्यवसाय, दुई तिर हात हाल्यो भने सफल हुँदैन् ।' प्रदेशको



उद्यम शीलता लाई अगाडि बढाउन उद्योग दर्ता सम्बन्धी नियमावली ल्याएर प्रदेशबाट नै उद्योग दर्ता, नवीकरण लगायतको काम सुरु भइसके को मुख्यमन्त्री कार्कीले बताएका छन् ।

'अलैंचीको व्यापार भारत मात्रै होइन तेस्रो मुलुक निकासीका लागि प्रक्रिया अगाडि बढेको छ, उनले भने, कुनै पनि विषयमा दुख दिने खालको निकास नखोजौं, भारतमा मात्रै अलैंची निकासी गर्दा मूल्यमा कमी आएको बेला यहाँका किसानलाई घाटा व्यहोर्नु पर्दछ ।'

श्रम सबै समान हुने उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले सबैको सम्मान गर्नुपर्नेमा जोड दिए । 'मानिसले आफ्नो क्षमताको श्रम बेच्दछ । विराटनगर भन्दा काठमाडौं बढी भएमा त्यहाँ आफ्नो श्रम बेच्छ, काठमाडौं भन्दा कतारमा बडी भयो भने त्यहाँ जान्छ । कतारभन्दा अमेरिका बढी भएमा त्यहाँ बेच्छ, श्रम बेच्न त पाइन्छ होला नि ? उनले भने, अनि विदेश गएका मानिसहरुलाई जनसम्पर्क मोर्चा बनाएर लेवी उठाएर तपाईंहरू पाटी चलाउनुहुन्छ ।'

मुख्यमन्त्री कार्कीले औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन सुरु गरेको बताउँदै व्यवसाय प्रवर्धनका लागि सरकारले बनाउने नीतिमा दिगो विकासको अवधारणा अनुसार बनाउने बताए ।

# गठबन्धन तोडेर काँग्रेसको नेतृत्वमा सरकार बनाऔं

काठमाडौं । नेपाली कांग्रेसका सांसद डा.सुनिल शर्माले अब कांग्रेसको नेतृत्वमा सरकार बनाउँन प्रस्ताव अघि सारेका छन् । कांग्रेस महा समिति सदस्यसमेत रहेका सांसद शर्माले फागुन ७ गतेबाट सुरु हुने कांग्रेस महासमिति बैठकमा पेश गर्न लागेको १३ बुँदे प्रस्ताव आज काठमाडौंमा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै यस्तो प्रस्ताव अघि सारेका हुन् ।

भ्रष्टाचार नियन्त्रण र सुशासन, निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन, बेरोजगारी समस्या समाधान र औद्योगिक क्षेत्रको विकास लगायत विषयमा विस्तृत प्रस्ताव पेश गर्ने योजना बनाएका सांसद शर्माले अप्राकृतिक गठबन्धनको अन्त्य



र कांग्रेसको नेतृत्वमा जनमुखी सरकार निर्माणको विषयलाई प्राथमिकताका साथ समावेश गरेका छन् । माओवादी केन्द्रसँगको गठबन्धनलाई अप्राकृतिक गठबन्धनको संज्ञा दिदै सांसद शर्माले यो गठबन्धन तोडेर कांग्रेसको नेतृत्वमा जनमुखी सरकार बनाउनुपर्ने धारणा राखे ।

कुनै कार्यक्रम नै नमिल्ने पार्टीहरुसँगको गठबन्धनबाट बनेको सरकारका काम कारवाही प्रभावकारी हुन नसकेको र माओवादीको असक्षमताको भारी कांग्रेसले बोक्नु परिरहेको सांसद शर्माको ठहर छ । 'अहिले सङ्घदेखि प्रदेशसम्म कांग्रेस सरकारमा छ । तर, त्यसको जग भने अप्राकृतिक छ । कांग्रेस भन्दा भिन्न राजनीतिक धारको माओवादी, एकीकृत समाजवादी र जसपासँग सहकार्य छ । यो गठबन्धन सैद्धान्तिक जगमा हेर्दा अप्राकृतिक भन्दा फरक पर्दैन,' सांसद शर्माले भने, 'कुनै कार्यक्रम नै नमिल्ने पार्टीहरूसँगको गठबन्धनबाट बनेको सरकारका काम कारवाही प्रभावकारी हुन सकेका छैनन् । न गृह प्रशासन चुस्त छ, न आर्थिक प्रशासनमै सरकारले आशा जगाउन सकेको छ । देशको अर्थतन्त्र ध्वस्त भइरहँदा हाम्रै पार्टीको नेतृत्वमा रहेको अर्थ मन्त्रालयको भूमिका शून्य छ । उदार अर्थनीति अपनाउने कांग्रेसले अर्थमन्त्रालय सञ्चालन गरिरहँदा नीजि क्षेत्र आतङ्कित र ध्वस्त छ । लगानीकर्ताहरूको मनोबल गिरेको छ । सबैतिर आर्थिक सूचकांक कमजोर बनेको छ । यसको एउटा कारण अप्राकृतिक गठबन्धन हो । अब यसको अन्त्य गर्नुपर्छ ।'

अब, तत्काल यो अप्राकृतिक गठबन्धनबाट अलग भई कांग्रेसले लोकतान्त्रिक शक्तिहरूलाई एकत्रित गरेर आफ्नो नेतृत्वमा जनमुखी सरकार गठन गर्नुपर्ने सांसद शर्मा बताउँछन् । अहिलेको सरकारले जनताको हितमा काम गर्न नसकेकाले यसको विकल्प खोज्नुपर्नेमा उनको जोड छ ।


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समयः बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।


# मोरंग र सुनसरीबाट लागुऔषध सहित ५ पक्राउ

विराटनगर । मोरङ र सुनसरी जिल्लाको छुट्टाछुटै स्थानबाट प्रतिबन्धित लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सोमवार विराटनगर महानगरपालिका-१६ भट्टीमोड स्थितमा ईलाका प्रहरी कार्यालय रानी र लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पैदल यात्री स्थानीय ३१ वर्षीया हेमा तामाङ र ४० वर्षीया मुना लामालाई शंकास्पद अवस्था मा फेला पारी चेकजाँच गर्दा उनिहरुको साथबाट ११ ग्राम ब्राउनसुगर फेला परेको थियो ।

विराटनगर-१६ हुलास चोकबाट एभिल, फेनारागन, डाइजोपाम र लुपिजेशिक गरी जम्मा ७६ एम्पुल प्रतिबन्धित औषधी सहित सुन्दरहरैचा-६ का ३५ बर्षीय संजिब चौधरीलाई समेत लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका-९ स्थितबाट अवैध लागुऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । फागुन १ गते राती १ बजे राजाबास स्थित घाट नजिक कोशीको किनारमा देश ०१-०२-००१ ज ४०५० नम्बरको बोलेरो गाडीमा गाँजा लुकाई राखेको छ भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगर बाट खटिएको प्रहरी टोलीले १३ बोरामा ४ सय ६ किलो ९४० ग्राम अवैध लागुऔषध गाँजा फेला पारी बरामद गरेको थियो ।

बोलेरो चालक धरान उप-महानगरपालिका- ४ का २५ बर्षीय सुर्य राई र हतुवागढी गाउँपालिका- ८ भोजपुरका २७ बर्षीय लक्ष्मण राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिएको उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# नगर प्रहरीद्धारा सामान जफत

धनकुटा । धनकुटा बजार क्षेत्रमा अव्यवस्थित रुपमा राखिएका सामानहरु नगर प्रहरीले जफत गरेको छ ।

बसपार्क, सब्जिलाइन, हुलाकटोल लगायत क्षेत्रमा पसल व्यवसाय क्षेत्रभन्दा बाहिर निकालेर राखिएका सामानहरु नगर प्रहरीले राख्ने गरेका छन् । त्यसरी टाँगेर राखिएका कपडासहित बाहिर पसल थापेर राखिएको बिस्कुट, छुर्पी, बदाम, चिप्स लगायत सामान नगर प्रहरीले नियन्त्रणमा लिएको छ । सिरवानीस्थित सब्जिलाइनमा पनि पसल भन्दा बाहिर राखिएको टमाटर, आलु, साग



लगायत तरकारीहरु जफत गरिएको नगर प्रहरी प्रमुख खत्रीले बताए । उनका अनुसार हुलाकटोलस्थित चुवाको बोट क्षेत्रको कपडा पसल बाहिर राखिएका कपडा पनि जफत गरिएको छ ।

नियन्त्रणमा लिएको हो ।

अव्यवस्थित रुपमा सामान नराख्न पटक-पटक आग्रह गर्दा पनि अटेर गरेपछि सामानहरु जफत गरिएको नगर प्रहरी प्रमुख रबि खत्रीले जानकारी दिए । 'पसल क्षेत्रभन्दा बाहिर सामान नराख्न हामीले पटक-पटक आग्रह गरेका छौं,' नगर प्रहरी प्रमुख खत्रीले भने, 'पटक-पटक भन्दा पनि नमानेर अटेर गर्नेहरुको सामान जफत गरेका हौं ।'

बसपार्कमा व्यापारीहरुले पसल भन्दा बाहिर कपडा टाँगेर बिक्रीका लागि सामान

नगरलाई सफा र व्यवस्थित बनाउँन नगर पालिकाले अभियान चलाइ रहेको छ । सबैको साथ सहयोगले मात्र नगर क्षेत्रलाई व्यवस्थित बनाउँन सकिने भएकाले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्न मेयर चिन्तन तामाङले नगरबासीहरुलाई आग्रह गरेका छन् ।

## पूर्वीय...

पिताको जस्तै व्यवहार गर्नुपर्छ। त्यस्तै, व्यापारीहरूको खरिद-बिक्री खानपिन, बाटो खर्च, सुरक्षामा लागेको खर्च, बचेको सरसामान आदिको हिसाब-किताब राम्रोसँग राखेर तिनीहरूसँग कर लिनुपर्छ। त्यस्तै खेतीपाती, व्यापार/व्यवसायमा सबैको लाभ होस् भनी सधैं भलो चिताएर राजाले कर उठाउनुपर्छ। जसरी जुको, बाच्छो र भँवराले अलिअलि जम्मा गरेर आफ्नो खानेकुराको प्रबन्ध गर्छ, उसैगरी राजाले प्रजाबाट अलिअलि कर लिनुपर्छ। त्यस्तै राजाले पशु, सुन, सुन व्यापारीको लाभमा पचासौं भागको एक भाग र खेतीबालीसँग अन्नको छैठौं, आठौं र बाह्रौं भागको एक भाग कर लिनुपर्छ। त्यसैगरी काठ, मासु, मह, घिउ, सुगन्ध, औषधी, रस, फूल, कन्दमूल, फल आदिको व्यापार गर्ने व्यापारीहरूबाट कर लगाउनुपर्छ। साग, घाँसपात, छाला, बाँसका, माटाका, ढुङ्गाका सामानको व्यापारीबाट लाभको छैटौं भाग लिनुपर्छ। राजाले आफ्नो राज्यका स-साना व्यापारीहरूबाट पनि वार्षिक रूपमा केही न केही कर लिनै पर्छ। कलाकार, नर्तक, गायिका र नाच्ने युवतीहरू जस्ता विभिन्न वर्गका मानिसहरूलाई पनि करको रूपमा महिनाको एक दिन काम लगाइने प्रचलन थियो। सुनका सिक्का, गाईवस्तु, अनाथ, कच्चा पदार्थका आकारमा र व्यक्तिगत सेवा दिएर पनि कर तिर्ने व्यवस्था थियो। ब्राह्मणबाट कर लिनुहुन्न। जसले धर्मशास्त्रको संरक्षण गर्छ, उसलाई अनिकाल हुनु हुँदैन। जसले शिक्षा प्रदान गर्छ, उसले गर्दा नै राजाको धर्म, आयु, धन र राज्यको विस्तार हुन्छ।

त्यस्तै कर बढी लिएर प्रजाको उठिबास लगाउनु हुँदैन। मनुस्मृतिका अध्यायहरूमा विभिन्न प्रकारका करका उपायहरूका बारेमा पनि उल्लेख गरेको भेटिन्छ। मनु तथा अन्य ऋषिले करलाई आम्दानी र व्ययसँग जोड्नुपर्ने कुरा उल्लेख गरेको छ। तथापि राजाले अत्यधिक कर लगाउन नहुने भन्ने कुरा उल्लेख गरेको र करको पूर्ण अनुपस्थिति वा अत्यधिक दुवै करबाट जोगिनुपर्छ भन्ने भनाइ तत्कालीन समयमा रहेको पाइन्छ। प्रजाले कर तिर्नमा ढिला नगरून् भनी राजाले कर असुलीको लागि आवश्यक व्यवस्था गर्नुपर्दछ।

कौटिल्यकालीन कर र दस्तुर

चाणक्य वा कौटिल्य (वा कौटल्य) (ईसापूर्व ३७०-२८३) तक्षशिलाका आचार्य, दार्शनिक तथा महान सम्राट चन्द्रगुप्त मौर्यका सल्लाहकार थिए। उनले नन्दवंशको नाश गरेर चन्द्रगुप्त मौर्यलाई राजा बनाए। उनी राजनीति र कूटनीतिका ज्ञाता थिए। उनले अर्थशास्त्र, राजनीति, अर्थनीति, कृषि, समाजनीति आदिका महान् ग्रन्थहरू रचना गरेका थिए। अर्थशास्त्र मौर्यकालीन समाजको दर्पण मानिन्छ।

मुद्राराक्षसमा वर्णन भएअनुसार चाणक्यको वास्तविक नाम विष्णुगुप्त थियो। विष्णुपुराण, भागवत आदि पुराणहरू तथा कथासरित्सागर आदि संस्कृत ग्रन्थहरूमा त चाणक्यको नाम आएकै छ सँगै बौद्ध ग्रन्थहरूमा समेत चाणक्यको कथा भेटिने गरेको छ। बुद्धघोषद्वारा बनाइएको विनयपिटकको टीका तथा महानाम स्थविर रचित महावंशको टीकामा चाणक्यको वृत्तान्त दिइएको छ। चाणक्य तक्षशिला (वर्तमान समयमा पाकिस्तानको रावलपिण्डी नजिक) का निवासी थिए। उहाँको जीवनका घटनाहरूको विशेष सम्बन्ध मौर्य चन्द्रगुप्तको राज्यप्राप्तिसँग रहेको छ। उहाँ त्यससमयका एक प्रसिद्ध विद्वान थिए। उहाँको जीवन निकै सरल थियो भन्ने गरिन्छ उहाँ राजसी ठाट-बाट भन्दा टाढा एक सानो कुटिमा रहन्थे। उनै कौटिल्यले रचना गरेको अर्थशास्त्र प्रख्यात ग्रन्थ हो।

करको सम्बन्धमा कौटिल्यको अर्थशास्त्रमा, देशभित्र जन्मिएको, कुलीन, अवगुण नभएको, अर्थशास्त्रको ज्ञान भएको, स्वामीभक्त, प्रभावशाली, स्वस्थलगायतका योग्यता भएको व्यक्ति प्रधानमन्त्रीको पदका लागि योग्य र उल्लिखित योग्यतामध्ये आधा वा एक चौथाइ योग्यता हुनेलाई मध्यम वा अयोग्य मन्त्री ठान्नुपर्छ। त्यसैगरी मन्त्री, अमात्य, पुरोहित आदिजस्ता नेतृत्वदायी पदहरूमा विभिन्न योग्यताहरू निर्धारण गरिएका हुन्थे र विभिन्न परीक्षाको माध्यमबाट योग्यतम व्यक्तिहरू चयन गरी नियुक्त गरिएको हुँदा त्यो बेला कर प्रशासनमा गुणात्मक नेतृत्व पनि रहेको कुरा बुझ्न सकिन्छ।

प्राचीन समयको सार्वजनिक प्रशासनमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व छुट्टिएको पाइँदैन। प्राचीन समयमा कर प्रशासनमा बौद्धिकता प्रवर्द्धन र प्रदर्शनबाट प्राप्त हुने कुरा कौटिल्यको अर्थशास्त्रबाट थाहा पाउन सकिन्छ। किनभने त्यो समयमा विभागाध्यक्ष लगायत का पदाधिकारीहरू निश्चित योग्यता भएका र निश्चित परीक्षाबाट सफल भएकाहरू मात्र कर प्रशासक नियुक्त हुन्थे।

त्यसैगरी कार्यकुशलताको आधारमा पनि उपल्लो पदको नेतृत्व प्राप्त हुन सक्ने कुरा अर्थशास्त्रको अध्ययनबाट थाहा पाउन सकिन्छ। जुन पदको लागि जस्तो योग्यता निर्धारण गरिएको हुन्थ्यो, त्यस्ता पदहरूमा योग्यताअनुसारकै व्यक्तिहरूलाई नेतृत्व प्रदान हुन्थ्यो। त्यस्तै कौटिल्यका अनुसार राजकीय उच्च पदस्थ कर्मचारीहरू अमात्यमा हुनुपर्ने गुणले युक्त हुनुपर्ने, योग्यता र दक्षताको आधारमा तिनीहरूलाई नियुक्त गरिनुपर्ने व्यवस्था थियो।

त्यस्तै कौटिल्यको अर्थशास्त्र अनुसार युवराज तीन विशिष्ट क्षेत्रहरूमा प्रशिक्षित हुनुपर्छ, अर्थशास्त्र (आर्थिक प्रशासन), नीतिशास्त्र (विदेश मामिला) र दण्डनीति (राजनीति) भन्ने कुरा अर्थशास्त्रको अध्ययनबाट थाहा पाउन सकिन्छ।

नेपालमा कर पद्धति

नेपालमा गैर-कर सम्बन्धी नीतिगत व्यवस्था नेपालमा प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा कर लगाउने प्रथा रही आएको छ।

त्यस्तै कौटिल्यको अर्थ शास्त्रको दोस्रो अध्यायको नब्बेऔं प्रकारणमा राज्यका कोषमा थोरै धन भएमा अर्थसंकट परेर दुःख बढ्ने हुनाले राज्यको कोषमा धन जम्मा गर्ने काम राजाले गर्नुपर्दछ।

आफ्नो देश ठूलो होस् वा सानो होस्, देवमातृक (आकाशबाट पानी परेर खेती हुने), नदीमातृक (खोलानालाको पानी लागेर खेती हुने), जस्तो भए पनि धेरै अन्नहरू भएको मौकामा उब्जाउको तीन भागको एक भाग वा चार भागको एक भाग अथवा मझौला वा तल्लोखालको जनपदमा भएको उब्जाउ अनुसार केही भाग राज्यको कोषका निमित्त ग्राम, नगरवासीसँग बाधा नपर्ने गरी मागेर लिनू भन्ने उल्लेख पाइन्छ।

सोही प्रकरणमा कृषकहरू का लागि, व्यापारीहरूका लागि, पशुपंक्षी पाल्नेहरूका लागि छुट्टाछुट्टै कर सङ्कलन गर्नुपर्नेमा जोड दिइएको छ। त्यसैगरी बगैंचाबाट काँचो छोडेर पाके पाकेको फल टिपेझैं राजाले अधर्मीहरूको धन टिप्नुपर्दछ। काँचो फल टिपेझैं गरी धर्मात्माको धन लिएमा प्रजाहरू चिढिने हुनाले त्यो लिन हुँदैन।

प्राचीनकालमा राज्यको उद्देश्य हासिल गर्न सरकारले तोकिएबमोजिम विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्दथ्यो। जसका लागि स्रोतसाधनको आवश्यक पर्दथ्यो। राज्यले विभिन्न क्षेत्रबाट आवश्यक स्रोतसाधन हरूको जोहो गरेको हुन्थ्यो।

प्राचीन समयमा सरकार धेरै शक्तिशालीभएकाले जनताबाट चाहेजति राजस्व असुल गर्न सक्दथ्यो। यस्ता स्रोतसाधनहरू मानवीय, आर्थिकलगायतका हुन्थे। राज्यले आन्तरिक तथा बाह्य रूपमा स्रोतसाधन प्राप्त गरिरहेको हुन्थ्यो। राज्यले आमनागरिकबाट वित्तीय स्रोतको रूपमा विभिन्न किसिमका कर, दस्तुर, शुल्क, जरिवाना आदिका माध्यमबाट स्रोत सङ्कलन गरिरहेको हुन्थे। यसरी नागरिकबाट सङ्कलित स्रोत साधनका सम्बन्धमा सरकार, आम नागरिकहरूप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्ने हुन्थ्यो।

यसप्रकार प्राचीन श्रीमद् भागवत कालीन, महाभारतका लीन, मनुस्मृतिकालीन र कौटिल्यकालीन कर र दस्तुरको अवस्थालाई अध्ययन गर्दा राज्यले जनताको हितको निम्ति मात्र कर सङ्कलन गर्नुपर्ने र यसबाट नै राज्यको समृद्धि सम्भव भएको पाइन्छ। सुखी जनता र समृद्ध राज्य बनाउन यथोचित करको सङ्कलन तथा उचित दर र दायरा लगाउनुपर्नेमा तत्कालीन शास्त्रमा एक मत रहेको देखिन्छ।

बौद्ध दर्शनमा कर र दस्तुर

बुद्ध धर्म, एक धार्मिक र दार्शनिक परम्पराको रूपमा, कर र कर्तव्यहरू सम्बन्धी विशेष नियमहरू तोक्दैन। बौद्ध धर्मले आर्थिक वा राजनीतिक मामिलामा विस्तृत मार्गदर्शन प्रदान गर्नुको सट्टा आध्यात्मिक विकास, नैतिक आचरण, र ज्ञानको मार्गमा ध्यान केन्द्रित गर्दछ।

यद्यपि बौद्ध धर्मले नैतिक सिद्धान्तहरू र सद्गुणहरूलाई जोड दिन्छ, जुन आर्थिक गतिविधिहरू सहित जीवनका विभिन्न पक्षहरूमा लागू गर्न सकिन्छ।

बुद्ध धर्मका पाँच उपदेशहरू नैतिक जीवनका लागि दिशानिर्देशहरू छन्। जीवित प्राणीहरूलाई हानि पुऱ्याउन, चोरी गर्न, यौन दुर्व्यवहारमा संलग्न हुन, झुठो बोली र मादक पदार्थको उपभोग गर्नबाट टाढा हुन यिनीहरूले सहयोग गर्दछन्।

यद्यपि यी उपदेशहरूले स्पष्ट रूपमा आर्थिक मामिलाहरूलाई सम्बोधन गर्दैन तर बौद्ध धर्म र आर्थिक अभ्यासहरूबीचको सम्बन्ध रहन्छ। सक्षेपमा भन्नुपर्दा बौद्ध धर्म आफैंले कर लगाउने सम्बन्धमा विशेष मार्गदर्शन प्रदान गर्दैन, तर यसको नैतिक सिद्धान्तहरूले व्यक्ति र समुदायको आर्थिक अभ्यासलाई विभिन्न तरिकामा प्रभाव पारेको देखिन्छ। लेखक कर विषयमा विद्यावारिधीको शोधार्थी हुन्।

१२खरीबाट

NO SMOKING

## सूचना सूचना सूचना

सडक क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

## भूमिगत संगठनका नाममा चन्दा असुल गर्ने २ पक्राउ



विराटनगर। शैक्षिक संस्थाहरुलाई धाकधम्की दिई भुमिगत संगठनका नाममा जबरजस्ती चन्दा माग गर्ने समुहका २ जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरी मंगलवार सार्वजनिक गरेको छ।

बिगत केही समय देखी मोरङ तथा अन्य जिल्लाहरुमा समेत रहेका शैक्षिक संस्थाहरुमा भुमिगत संगठनका नाममा महासचिव महाविरको दस्तखत भएको नेपाल कम्युनिष्ट पार्टी(माओवादी) लेखीएको लेटर प्याड प्रयोग गरी चन्दा माग गर्ने र नदिए ध्वंसात्मक कार्य गर्ने भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले माघ २९ गते २ जनालाई पक्राउ गरेको थियो।

पक्राउ पर्नेहरुमा माङसेबुङ गाउँपालिका-१ गजुरमुखी ईलामका ३८ वर्षीय प्रविण मिश्र र याङवरक गाउँपालिका-१ च्याङथापु पाँचथरका ३० वर्षीय विपिन अधिकारी रहेका छन्।

पक्राउ परेका मिश्रको साथबाट विष्फोटक पदार्थमा प्रयोग हुने डेटोनेटर ७ थान, १८ फिट ३ ईन्च लामो डेडकर्ड, सोडा आधा केजी ,सहयोग रसिद २ ठेलि, आर्थिक सहयोग सम्बन्धी लेखीएको पत्र ५ थान, मुक्तिनाथ प्रकाशनको प्रेस आईडी कार्ड, मोवायल ३ थान र एनसेलका सिमहरु ५ थान तथा अधिकारीको साथबाट काटिएको र नकाटिएको सहयोग रसिद १/१ थान, मुक्तिनाथ प्रकाशनको प्रेस आईडी कार्ड, एसबिआई बैकको चेकबुक, मोवायल १ थान र डिजिटल स्टाम्प १ थान बरामद भएको छ।

पक्राउ परेको समुहले बिराटनगर-३ मा रहेको खालि चौरमा प्रेसर कुकर बम जस्तो बनाई राखेको र उक्त बस्तु नेपाली सेनाको सहयोगमा फागुन १ गते डिस्पोज गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। घटना सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको छ।

## गाँजा सहित चौध पक्राउ

सुनसरी। सुनसरीको धरान उप-महानगरपालिका-१३ जिरोप्वाईन्टबाट ठुलो परिमाणमा नियन्त्रीत लागुऔषध गाँजा सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा अस्थाई प्रहरी पोष्ट अमरहाट धरानबाट आईतवार बिहान खटिएको प्रहरी टोलीले धनकुटाबाट धरानतर्फ आउँदै गरेको बीआर १० पी ९१५४ र एमपी १७ टीए ०५१२ नम्बरको दुई वटा बलेरो गाडीलाई रोकेर चेकजाँच गर्ने क्रममा दुई वटा गाडीबाट १ सय ४९ केजी गाँजा बरामद भएको थियो।

गाँजा बरामद भएसँगै ओसार पसारमा संलग्न रहेका चालकहरु भारत बिहारका ३१ वर्षीय मनोरन्जन मुइमार, ३९ वर्षीया गोपी मण्डल र गाडीमा सवार रहेका २३ वर्षीय संजय कुमार मण्डल, ३५ वर्षीया रेखा देवी, ३५ वर्षीया रिङ्की देवी, ३५ वर्षीया दया मण्डल, ३७ वर्षीय राजेश मण्डल, ४० वर्षीया पुनम देवी र २४ वर्षीया गुडिया देवीलाई समेत पक्राउ गरेको थियो।

पक्राउ गरेसँगै उक्त घटनामा बीआर १० एजे ४४८६ नम्बरको कार चालक भारत बिहारका २३ वर्षीय सन्तोष साह, कारमा सवार २३ वर्षीय अंकित कुमार यादव, राजा जैसवाल, शिवम् सिंह र सत्यम यादवको संलग्नता रहेको पाईएकोले उनीहरुलाई समेत प्रहरीले नियन्त्रणमा लिएको थियो।

बरामद गरेको लागुऔषध गाँजा, सवारी साधन र पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान छ।